# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, वैशाख १२ गते, २०७८ साल (अतिरिक्ताङ्क २क

## भाग २

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना**

**सार्वजनिक खरिद सम्बन्धी प्रदेश (पहिलो संशोधन) नियमावली,२०७८**

सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सार्वजनिक खरिद सम्बन्धी प्रदेश (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ को नियम २ मा संशोधनः</u>** सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ (यस पछि मूल नियमावली भनिएको) को नियम २ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) "सङ्घीय नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेको "सार्वजनिक खरिद ऐन, २०६३" को सट्टा "ऐन" र "सार्वजनिक खरिद नियमावली, २०६४" को सट्टा "सङ्घीय नियमावली" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "सार्वजनिक खरिद ऐन, २०६३" को सट्टा "ऐन" र "सार्वजनिक खरिद नियमावली, २०६४" को सट्टा "सङ्घीय नियमावली" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को सट्टा देहाय बमोजिमको नियम ९ राखिएको छः-

" ९. **<u>खरिद सम्झौताको अवधि थप गर्ने अधिकारीः</u>** (१)सङ्घीय नियमावलीको नियम १२० को उपनियम (३) मा उल्लिखित अवधिभन्दा बढी अवधिको लागि उपनियम (४) बमोजिम म्याद थप गर्नु पर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालयको सचिवले थप गर्न सक्नेछ।

(२) सङ्घीय नियमावलीको नियम नियम १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको म्याद थप गर्ने अधिकार सम्बन्धित मन्त्रालयको सचिवको हुनेछ।

(३) उपनियम (२) बमोजिमको खरिद सम्झौताको म्याद थप गर्नुअघि सम्बन्धित कार्यका लागि चालु आर्थिक बर्षमा बजेट विनियोजन भए नभएको एकीन गरी प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने वा नपर्ने सम्बन्धमा विश्लेषण गरेर थप आर्थिक दायित्व सृजना नहुने गरी मात्र म्याद थप गर्नु पर्नेछ।

(४) खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।"

आज्ञाले,
रमेशकुमार केसी
प्रदेश सरकारको सचिव

**मुद्रक** : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-